# जिल्ला समन्वय समितिको कार्यालय, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

☎ ०८३-५२०१७७/५२१३६८
वीरेन्द्रनगर-८, शान्ति मार्ग

पत्र संख्या :

चलानी नम्बर :

## सूचना ! सूचना !! सूचना !!!

लोकतान्त्रिक शासन पद्धती अनुरुप मुलुकमा सार्वजनिक निकायहरुबाट सम्पादन भए गरेका सार्वजनिक कार्यहरुको नागरिकबाट मूल्याङ्कन गर्नु गराउनु आजको आवश्यकता एवं राज्यको दायित्व र नागरिकको कर्तव्य हो । उक्त पद्धतीको अवलम्बनबाट राज्यलाई नागरिकप्रति उत्तरदायी बनाउनुका साथै सुशासन प्रवर्द्धन गर्ने कार्यमा मदत पुग्दछ । मुलुक संघीय प्रणालीमा रुपान्तरण भए सँगै जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार संविधानमा व्यवस्था भए बमोजिम यस समितिले पनि संघ, प्रदेश र स्थानीय तहहरु संग आवश्यक समन्वय एवं सहजिकरण गर्दै आएको छ भने सुर्खेत जिल्ला अन्तर्गत संघ, प्रदेश र स्थानीय तहबाट संचालन भएका विकास निर्माण कार्य र सेवा प्रवाह सम्बन्धी कार्यहरुको अनुगमन समेत गर्दै आएको कुरा सर्वविदितै छ ।

यस जिल्ला अन्तर्गत संघ, प्रदेश र स्थानीय तहबाट संचालन भएका विकास निर्माण कार्य र सेवा प्रवाहको सम्वन्धमा सरोकारवाला नागरिकहरुको गुनासो/उजुरीलाई सम्बोधन गरी विकास निर्माण कार्य एवं सेवा प्रवाहलाई छिटो छरितो, पहुँचयोग्य, अनुमान योग्य, पारदर्शी, निष्पक्ष, भ्रष्टाचारमुक्त, जनउत्तरदायी, मितव्ययी, प्रभावकारी र कार्यकुशल बनाउने एवं अनुगमन कार्यलाई प्रभावकारी र चुस्तदुरुस्त बनाउने कार्यप्रति यस समिति सदैव संवेदनशिल रहदै आएको छ । त्यसैले यस कार्यलाई अझ बढी प्रभावकारी बनाउन नागरिकसँगको समन्वय, सहकार्य र सहजिकरण आवश्यक देखिने र नागरिकहरुको समेत अहम भूमिका रहने भएको हुँदा उक्त विकास निर्माण कार्य र सेवा प्रवाहको सम्वन्धमा जोसुकै सरोकारवाला नागरिकहरुसँग गुनासो/उजुरी छन भने यस कार्यालयमा उपस्थित भई वा फोन सम्पर्क वा सामाजिक संजाल जुनसुकै माध्यम प्रयोग गरी यस समितिको कार्यालयमा गुनासो/उजुरी दर्ता गराई विकास निर्माण कार्य र सेवाप्रवाहलाई मितव्ययी, पारदर्शी एवं भ्रष्टाचारमुक्त बनाई सुशासन कायम गराउने कार्यमा सहयोग गर्न सबै सरोकारवालहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिन्छ ।

<u>उजुरी दर्ता गराउन सकिने माध्यम</u>

१) कार्यालयमा स्वयम् उपस्थित भएर ।

२) फोन सम्पर्क गरेर - (०८३-५२०२७४-प्रशासन शाखा), (९८५८०५९२२३-सूचना अधिकारी श्री मेघनाथ सापकोटा), (९८२२४५५९४०-प्रवक्ता श्री पृथ्वीबहादुर बुढा)

३) सामाजिक संजाल प्रयोग गरेर - इमेल:-dccsurkhet@gmail.com
Face book link:- https://www.facebook.com/dcc.surkhet

बाबुराम नेपाली
(जिल्ला समन्वय अधिकारी)



CamScanner